लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला, कानून, उद्योग तथा यातायात मन्त्रालय
उद्योग,वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

# घरेलु तथा साना उद्योग कार्यालय

सिद्धार्थनगर, रुपन्देही

फोन नं. ०७१-५७०२०४

## प्रशिक्षक सूचिकरण सम्बन्धी सूचना !

**दोस्रो पटक सूचना प्रकाशित मितिः२०८३/०६/२३**

यस कार्यालयबाट आ.ब. २०८३/०८४ मा विभिन्न विषयका व्यावसायिक तथा सीपमुलक तालिम सञ्चालन गर्नु पर्ने भएकोले निम्नानुसार योग्यता पुगेका र सम्बन्धित विषयमा दक्षता प्राप्त गरेका इच्छुक नेपाली नागरिकहरुले यो सुचना प्रकाशित भएको मितिले ७ दिन भित्र तपसिलका कागजात सहित प्रशिक्षक तथा सहायक प्रशिक्षकको रुपमा आफुले प्रशिक्षण गर्नको लागि सूचिकृत हुन चाहेको तालिम उल्लेख गरी घरेलु तथा साना उद्योग कार्यालय, रुपन्देहीमा उपस्थित भई वा यस कार्यालयको ईमेल ठेगाना csiobhwskill@gmail.com मार्फत दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

| क्र. सं. | विषय | क्र. सं. | विषय | क्र. सं. | विषय |
|---|---|---|---|---|---|
| १ | मोबाइल मर्मत | ६ | नेपाली कुजिन कुक | ११ | मन्टेश्वरी |
| २ | ड्राइभिङ्ग | ७ | वारिष्ता | १२ | ब्युटिसियन |
| ३ | बेकरी | ८ | आधारभुत कम्प्युटर | १३ | जुत्ता चप्पल उत्पादन |
| ४ | पन्चेबाजा बजाउने | ९ | बटारेको धुप र फुलबत्ती | १४ | ब्याग उत्पादन |
| ५ | नेल आर्ट | १० | डिजिटल मार्केटिङ्ग | १५ | बुटिक तालिम |

**मुख्य/सहायक प्रशिक्षकको न्यूनतम योग्यताः**

१. **मुख्य प्रशिक्षकः** मान्यता प्राप्त शिक्षण संस्था/विश्वविद्यालयबाट सम्बन्धित विषयमा स्नातक तह उपाधी प्राप्त गरी प्रशिक्षक प्रशिक्षणको तालिम लिएको वा सम्बन्धित विषयमा प्रमाणपत्र डिप्लोमा तह उतिर्ण गरी प्रशिक्षक प्रशिक्षण तालिम लिएको र कम्तिमा ३ वर्षको कार्य अनुभव भएको वा सम्बन्धित विषयमा सीप तह २ उतिर्ण गरी ३ वर्षको कार्य अनुभव भएको ।

२. **सहायक प्रशिक्षकः** मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा प्रमाणपत्र डिप्लोमा तह उतिर्ण गरी प्रशिक्षक प्रशिक्षण तालिम लिएको वा सम्बन्धित विषयमा प्राविधिक एस.एल.सी. वा सीप तह १ उतिर्ण गरी २ वर्षको कार्य अनुभव भएको ।

३. निवेदनसाथ शैक्षिक योग्यता तथा पेशागत तालिमका प्रमाणपत्रहरु, अनुभव का प्रमाणपत्रहरु, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र २ प्रति फोटो समेत संलग्न राखी पेश गर्नुपर्नेछ ।

**पुनश्चः**

- यहाँ उल्लेख भएका वाहेक अन्य विषयमा तालिम प्राप्त गरेका व्यक्तिहरुले समेत आफुले सञ्चालन गर्न सक्ने तालिम उल्लेख गरी दरखास्त दिन सक्नेछन्। परम्परागत प्रकृतिको तालिमको हकमा कम्तिमा ३ वटा सोहि विषयको तालिममा प्रशिक्षण गरेको प्रमाणित हुने कागजात संलग्न गर्नुपर्नेछ ।
- सूचिकृत हुने निवेदनको ढाँचा यस कार्यालयको वेवसाईट www.csirupandehi.lumbini.gov.np बाट डाउनलोड गरी भर्न सकिनेछ ।
- यसै सूचना अनुसार रोष्टरमा नाम समावेश गरी न्यूनतम भन्दा माथिल्लो योग्यता भएको अनुभवी प्रशिक्षकलाई प्राथमिकता दिइनेछ । कुनै एक विषयमा आवश्यकता भन्दा बढी व्यक्तिहरुको दरखास्त पर्न आएमा निवेदनसाथ पेश भएका प्रमाणहरुका आधारबाट निर्धारित रोष्टरको योग्यताक्रम वा अन्तर्वार्ताद्वारा प्रशिक्षक छनोट गरिनेछ ।
- प्रशिक्षार्थीको माग अनुसारको विषयको तालिमको लागि प्रशिक्षक सूचिकृत हुन नआएमा समेत कार्यालयले अन्य व्यवस्था मार्फत प्रशिक्षक छनोट गरी कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।
- थप जानकारीको लागी कार्यालयको फोन नं. ०७१-५७०२०४ वा अधिकृत श्री केशौराज मरासिनी, ( ९८५७०६१८१० ) र अनन्त पन्थी (९८५७०१७४९५) मा सम्पर्क गर्न सकिनेछ ।

२०८३/०६/२३
(शारदा भट्टराई)
प्रमुख उद्योग अधिकृत